# आशूरा र नौहा

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

# العاشوراء والنياحة

تأليف

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

ﮋﮊ

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

To connect Author: 0501372254
0501372254 :للتواصل مع المؤلف
लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

ﮋﮊ

## पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गर्‍यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती

सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका आशूरा अर्थात दश मुहर्रमको दिन र त्यस दिन गरिने केही अवैधानिक कार्यहरूको बारेमा र इमाम हुसैनको श्रेष्ठता र मर्यादाको बारेमा छ यसको । यो विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा लेख्नुको लागि मनोनीत गरेको छु । यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई

स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

قَالَ تَعَالَى: أَعُوذُ بِٱللَّهِ مِنَ ٱلشَّيْطَٰنِ ٱلرَّجِيمِ ﴿ وَمَنْ أَعْرَضَ عَن
ذِكْرِى فَإِنَّ لَهُۥ مَعِيشَةً ضَنكًا وَنَحْشُرُهُۥ يَوْمَ
ٱلْقِيَٰمَةِ أَعْمَىٰ ﴿١٢٤﴾ قَالَ رَبِّ لِمَ حَشَرْتَنِىٓ أَعْمَىٰ وَقَدْ
كُنتُ بَصِيرًا ﴿١٢٥﴾ قَالَ كَذَٰلِكَ أَتَتْكَ ءَايَٰتُنَا فَنَسِيتَهَا ۖ وَكَذَٰلِكَ
ٱلْيَوْمَ تُنسَىٰ ﴿١٢٦﴾ ﴾ طه: ١٢٤ ـ ١٢٦

अर्थ : र जसले मेरो स्मृतिबाट बिमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन (प्रलयको दिन) त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं । उसले भन्नेछ कि: मेरो पालनकर्ता तिमीले मलाई अन्धो पारेर किन उठायौ, जबकि म त आँखा देख्नेवाला थिएँ ? । (अल्लाहबाट जवाफ आउनेछ) यस्तै हुनुपर्थ्यो, तिम्रो नजिकमा जब हाम्रा आयतहरू आए तब तिमीले बिर्सिदियो, यस्तै किसिमले आज हामीले तिमीलाई बिर्सिदिने गर्छौं । (सूरतु ताहा १२४-१२६)

यस कुरामा कुनै सन्देह छैन कि हजरत हुसैन रजिअल्लाहो अन्हो एउटा सम्मानित र प्रतिष्ठित व्यक्ति थिए, र उहाँ रजिअल्लाहो अन्होको प्रतिष्ठाको लागि यो नै प्रयाप्त छ कि उहाँ रजिअल्लाहो अन्हो रसूल सल्लल्लाहो अलैहे वसल्लमकी सबैभन्दा सानी र प्रियतम छोरी फातिमाको छोरा थिए, र रसूल सल्लल्लाहो अलैहे वसल्लम उनीसित अति प्रेम गर्थे ।

## हजरत हुसैनको श्रष्ठताका केही प्रमाणहरू:

हजरत अताअ् बिन यसारको वर्णन छ कि मलाई एउटा सहाबीले खबर दिए कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हरजत हसन र हुसैन दुवैलाई आफ्नो छातीसित लगाएर भने:

"أللهم إني أحبهما فأحبهما" (ترمذي:घठडह्ट)

अर्थ : हे अल्लाह म यिनी दुवैलाई प्रेम गर्दछु तिमी पनि यिनलाई प्रेम गर । (मुस्नद अहमद भाग ३ पे.२११, तिर्मिजी हदीस नं. ३७८२, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन )

र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि एक दिनको कुरो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो घरबाट निस्कनु भयो, र हामी समक्ष यस अवस्थामा आउनु भयो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको एक काँधामा हसन बसेका थिए र एक काँधामा हुसैन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम कहिले हसनलाई मायाँ गर्थे त कहिले हुसैनलाई, त एक व्यक्तिले सोध्यो हे अल्लाहका रसूलः के तपाई यी दुवैसित माया गर्नहुन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः जसले यिनीहरूसित प्रेम गऱ्यो त्यसले मसित प्रेम गऱ्यो, र जसले यिनीलाई घृणा गऱ्यो मानो त्यसले मसित घृणा गऱ्यो । (मुस्नद अहमद भाग ५ पे. ४२०, हदीस नं. ९६७३)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यी दुवैसित यति प्रेम थियो कि खुत्बा छाडेर मिम्बरबाट झरेर उनीलाई आफ्नो गोदीमा उठाएउँथे फेरि मिम्बरमाथि चढिहाल्थे अनि खुत्बा पूर्ण गर्थे ।

हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा

दिइरहेका थिए कि सहसा हजरत हसन र हुसैन प्रदर्शित भए यस्तो अवस्थामा कि उनी राता वस्त्र लगाएका थिए, र त्यो वस्त्र लगाएको कारण ढल्कि जान्थे, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम मिम्बरबाट झरेर खुत्बालाई स्थगित गरेर उनीलाई आफ्नो गोदीमा लिए, अनि फेरि उनीलाई लिएर मिम्बरमा चढे र भने: अल्लाहले सत्य भनेका छन् कि: "नि:सन्देह तिम्रा माल र सन्तान तिम्रो लागि परीक्षा हुन् ।" मैले यिनीहरूलाई हेरेर आफूमाथि संयम राख्न सकेन, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले खुत्बालाई पूर्ण गर्नु भयो । (अबू दाऊद हदीस नं. ११०९, नेसाई हदीस नं. १४१३)

र आर्को हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हसन र हुसैन संसारमा मेरा दुई फूल हुन् । (तिर्मिजी हदीस नं.३७७, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन्)

र हजरत हुजैफाद्वारा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"إن هذا ملك لم ينزل الأرض قط قبل هذه الليلة، استأذن ربه أن يسلم علي، ويبشرني بأن فاطمة سيدة نساء أهل الجنة، وأن الحسن والحسين سيدا شباب أهل الجنة" (ترمذي:3781)

अर्थ : नि:सन्देह यो फरिश्ता (स्वर्गदूत) आज यस संसारमा अवतरण गरेको छ र यसभन्दा अघि यो यस संसारमा अवतरित भएको थिएन, यस फरिश्ताले मसित भेट गर्ने इच्छा प्रकट गऱ्यो त अल्लाहले अनुमति प्रदान गर्दै मेरो लागि दुई शुभसमाचार पनि पठायो र त्यो यो कि हजरत फातिमा स्वर्गकी समस्त महिलाहरूकी नायिका हुनेछिन्, र हसन एवं हुसैन व्यस्कहरूको नायक हुनेछन् । (तिर्मिजी हदीस नं. ३७८१, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन्)

र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: हजरत हुसैन रसूल सल्लल्लाहो अलैहे वसल्लम अनुरूप थिए । (बुखारी हदीस नं. ३७४८)

उपरोक्तका हदीसहरूद्वारा हजरत हुसैन रजिअल्लाहो अन्होको श्रेष्ठता प्रमाणित हुन्छ तर आर्को हदीस जसलाई म निम्नमा वर्णन गर्दछु त्यसबाट यो प्रष्ट भइहाल्छ कि हजरत हुसैनको शहादतको कुरा रसूल सल्लल्लाहो अलैहे वसल्लमले पुष्टि गरिसक्नु भएको थियो कि निकट भविष्यमा उहाँ रजिअल्लाहो अन्होलाई शहीद गरिन्छ, र यो भविष्यवाणी सत्य पनि भयो । हदीसमा वर्णन छ हजरत उम्मे सलमा रजिअल्लाहो अन्हा वर्णन गर्छिन् कि: हजरत जिब्रील रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आए यस्तो अवस्थामा कि हजरत हुसैन मेरो पासमा थिए अनि एक्कासी रुन थाले अनि उठेर रसूल सल्लल्लाहो अलैहे वसल्लमको पासमा गएर बसे, त हजरत जिब्रीलले भने: हे मुहम्मद के तिमी यिनी (हुसैन) सित प्रेम गर्नुहुन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भने: हो, म यिनसित प्रेम गर्दछु, त हजरत जिब्रीलले भने: नि:सन्देह तपाईका अनुयायीहरू निकट भविष्यमा यिनलाई शहीद गरिदिन्छन्, र यदि तपाई इच्छुक हुनुहुन्छ भने म तपाईलाई त्यस स्थानको माटो देखाऊँ जहाँ

यिनलाई शहीद गरिन्छ, अनि उहाँले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई त्यस स्थानको माटो देखाउनु भयो जसलाई करबला भनिन्छ । (यस हदीसलाई इमाम अहमदले फजाइलुस्सहाबा अन्तर्गत विश्वासनीय सनदको साथ वर्णन गर्नु भएको छ, भाग २ पे. ७८२, हदीस नं. १३९१, तर यो हदीस जईफ छ)

त हजरत हुसैनलाई मुहर्रम महिनामा शहीद गरियो उस्तै जसरी उहाँको पिता हजरत अलीलाई ४० हिज्री १७ रमजानको दिन शहीद गरिएको थियो । र हजरत उस्मानलाई सन् ३६ हिज्रीमा शहीद गरिएको थियो, र हजरत उमर फारूकलाई पनि फज्रको नमाज पढाउदा शहीद गरिएको थियो । र हजरत उमर र उसमान एवं हजरत अली रजिअल्लाहो अन्हुम अजमईन निःसन्देह हजरत हसनबाट श्रेष्ठ थिए, र यस कुरामा अहलुस्सुनह वल जमाअहको एकमत छ ।

त यस महिनामा विशेषरूपले हजरत हुसैन रजिअल्लाहो अन्होको नौहा मातम गर्नु अर्थात आफूलाई घाइते गर्नु र आफ्नो कपाल नोच्नु

आफ्नो लुगा च्यात्नु .... आदि कुनै वैधानिक कुरो होइन, नत सहाबाहरूलाई गाली गर्नु नै वैधानिक छ, बरु सहाबाहरूलाई गाली गर्ने मान्छे काफिर भइहाल्छ ।

तर वर्तमान युगमा मुहर्रमको दश तारिखको दिन जसलाई आशूरा भनिन्छ नौहा गरिन्छ, र सहाबाहरूलाई गाली गरिन्छ, र हुसैनको सम्झनामा ताजिया बनाइन्छ .... आदि, त यी समस्त कार्यहरू बिदअत र हराम कार्यहरू हुन्, यससित इस्लामको कुनै वास्ता छैन । किनकि हजरत हुसैनको मातम र नौहा गर्नु कसरी वैधानिक हुन्सकछ जबकि उनीभन्दा श्रेष्ठ हजरत उमर र हजरत उस्मान एवं हजरत अलीको नौहा गरिदैन । र दोस्रो कुरो के छ भने जब हजरत हुसैनलाई शहीद गरिएको थियो त त्यस समय धेरै सहाबीहरू जीवित थिए, तर उनीहरूले उहाँको नौहा गरेनन् भने हामी यस्तो कसरी गर्न सक्छौं जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले यस्तो गरेनन् ।

र तेस्रो कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले नौहा गर्नुबाट मनाही गरेका छन्, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"ليس منا من لطم الخدود وشق الجيوب ودعا بدعوى الجاهلية" (بخاري:ज्ञद्दढद्ध)

अर्थ : त्यो मान्छे हामीमध्येको होइन जुन आफ्नो गालमा हानोस् र आफ्नो लुगालाई च्यातोस्, र अनभिज्ञकालको दावी गरोस् । (बुखारी हदीस नं. १२९४)

र रह्यो कुरो सहाबाहरूलाई गाली गर्नुको त यस्तो गर्नुबाट सख्त मनाही गरिएको छ, किनकि जसले सहाबाहरूलाई गाली गऱ्यो त्यसले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई गाली गऱ्यो, जस्तो कि हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" من سب أصحابي فقد سبني"

अर्थ : जसले मेरो साथीहरूलाई गाली गऱ्यो त्यसले मलाई गाली गरे सरह छ ।

र आर्को हदीसमा छः

" لا تسبوا أصحابي فو الذي نفسي بيده لو أن أحدكم أنفق مثل أحد ذهبا ما بلغ مد أحدهم و لا نصيفه" (بخاري: घटठघ, مسلم: द्दछद्धण)

अर्थ : मेरा साथीहरूलाई गाली नगर्नु त्यसको शपथ जसको हातमा मेरो ज्यान छ यदि तिमीमध्ये कोही उहुद पर्वत झैं सुन खर्च गरोस् तै पनि त्यो उनीहरूको एक मुठ्की बरु आधा मुठ्कीको बराबर पनि पुग्न सक्दैन । (बुखारी हदीस नं. ३६७३, मुस्लिम हदीस नं. २५४०)

عن ابن عمر رضي الله عنه قال: " لا تسبوا أصحاب محمد صلى الله عليه وسلم فلمقام أحدهم ساعة خير من عمل أحدكم عمره" (صحيح ابن ماجة: ज्ञघद्द,ज्ञघघ/ज्ञ)

र अब्दुल्लाह इब्ने उमरको भनाई छ किः "मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूलाई गाली नगर्नु किनकि उनीहरूको एक क्षण रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा उभिनु तिम्रो

जीवनभरीको सत्कर्मभन्दा श्रेष्ठ छ ।” (सहीह इब्ने माजा लिल् अल्बानी १/१३२,१३३)

र अल्लाहको फर्मान छः

﴿ مُّحَمَّدٌ رَّسُولُ ٱللَّهِۚ وَٱلَّذِينَ مَعَهُۥٓ أَشِدَّآءُ عَلَى ٱلۡكُفَّارِ رُحَمَآءُ
بَيۡنَهُمۡۖ تَرَىٰهُمۡ رُكَّعٗا سُجَّدٗا يَبۡتَغُونَ فَضۡلٗا مِّنَ ٱللَّهِ وَرِضۡوَٰنٗاۖ
سِيمَاهُمۡ فِي وُجُوهِهِم مِّنۡ أَثَرِ ٱلسُّجُودِۚ ذَٰلِكَ مَثَلُهُمۡ فِي
ٱلتَّوۡرَىٰةِۚ وَمَثَلُهُمۡ فِي ٱلۡإِنجِيلِ كَزَرۡعٍ أَخۡرَجَ شَطۡـَٔهُۥ فَـَٔازَرَهُۥ
فَٱسۡتَغۡلَظَ فَٱسۡتَوَىٰ عَلَىٰ سُوقِهِۦ يُعۡجِبُ ٱلزُّرَّاعَ لِيَغِيظَ بِهِمُ
ٱلۡكُفَّارَۗ وَعَدَ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ مِنۡهُم
مَّغۡفِرَةٗ وَأَجۡرًا عَظِيمَۢا ٢٩ ﴾ الفتح: ٢٩

अर्थ : मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) अल्लाहका रसूल हुन् र जुन मानिसहरू उनको साथमा छन् काफिरहरूको लागि कठोर छन् र

आपसमा दयालु। तिमीले उनीहरूलाई रुकूअ्मा, सजदामा, अल्लाहको उदार अनुग्रह र उसको प्रसन्नता चाहिराखेको देख्नेछौं । उनीहरूको अनुहारमाथि सिज्दाको चिन्ह छ। तिनीहरूको यही विशेषताहरू तौरैतमा छ र इन्जिलमा पनि त्यस खेती जस्तै उल्लेखित छ, जसले आफ्नो अंकुर निकाल्यो, अनि उसलाई शक्ति पुऱ्यायो र त्यो मोटो भयो र त्यो आफ्नो तनमाथि (डाँठमा) सीधा खडा भयो र किसानलाई प्रसन्न पारेको छ, ताकि उनीहरूले गर्दा इन्कार गर्नेहरूको हृदयमा ईर्ष्या उत्पन्न गराओस्। यी ईमानवालाहरू र असल कर्म गर्नेहरूसित अल्लाहले क्षमा र ठूलो प्रतिफलको वाचा गरेको छ। (सूरतुल् फत्ह २९)

र इमाम तहावी भन्छन्: हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमका सहाबाहरूसित (साथीहरूसित) प्रेम गर्दछौं, र तिनीमध्ये कुनै एक सहाबीको प्रेममा अन्धो भई सीमा उल्लंघन गर्दैनौं, नत कुनै सहाबीबाट बेवास्ता नै हुन्छौं, र हामी प्रत्येक त्यस व्यक्तिसित घृण गर्छौं जुन सहाबाहरूसित घृणा गरोस् वा उनीहरूलाई अनुचित कुराहरूद्वारा स्मरण

गरोस्, यसर्थ हामी उनीहरूलाई आदर सम्मानको साथ स्मरण गर्दछौं र उनीहरूसित प्रेम गर्नुलाई धर्म मान्दछौं आस्था मान्दछौं, र उनीसित घृणा गर्नु र उनीसित ईर्ष्या गर्नुलाई नास्तिकता र अधर्म मान्दछौं । (शरहुत्तहाविया पे. ४६७)

र रह्यो कुरो ताजिया (तहजिया) बनाउनुको त यो काफिर र गैर मुस्लिमहरूको कार्य हो यसमा र मूर्ति एवं प्रतिमाको पूजामा कुनै अन्तर छैन बरु यो ठूलो शिर्क हो, र यसलाई गर्ने मान्छे यदि बिना तौबा मर्छ भने त्यो नर्कमा जान्छ, किनकि अल्लाहको फर्मान छ:

﴿ إِنَّهُۥ مَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ حَرَّمَ ٱللَّهُ عَلَيۡهِ ٱلۡجَنَّةَ وَمَأۡوَىٰهُ ٱلنَّارُۖ وَمَا لِلظَّٰلِمِينَ مِنۡ أَنصَارٖ ٧٢ ﴾

المائدة: ٧٢

अर्थ : जानिराख कि जसले अल्लाहसँग साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गरिदिएको छ र उसको बासस्थान

नर्क हुनेछ। र पापीहरूको कोही पनि सहयोगी हुनेछैन। (सूरतुल् माइदा ७२)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَكَأَنَّمَا خَرَّ مِنَ ٱلسَّمَآءِ فَتَخۡطَفُهُ ٱلطَّيۡرُ أَوۡ تَهۡوِي بِهِ ٱلرِّيحُ فِي مَكَانٖ سَحِيقٖ ٣١ ﴾ الحج: ٣١

अर्थ : र जुन अल्लाहको साथमा साझेदार ठहराउँन्छ त्यो मानिस यस्तो छ कि जस्तो आकाशबाट खसिसकेको, अब त्यसलाई चाहे कुनै पंक्षीले लगिदेओस् अथवा वायुले कुनै दूरस्त स्थानमा फ्याँकिदिनेछ। (सूरतुल् हज्ज ३१)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدِ ٱفۡتَرَىٰٓ إِثۡمًا عَظِيمًا ٤٨ ﴾

النساء: ٤٨

अर्थ : निःसन्देह अल्लाह आफ्नो साभ्केदार बनाउनेलाई क्षमा गर्नेछैन र उस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ र जसले ऊसँग कसैको साभ्केदारी ठहराउँछ, त्यसले जघन्य अपराध गर्दछ । (सूरतुन्निसा ४८)

त प्रष्ट यो भयो कि ताजिया बनाउनु अनि त्यसलाई पूज्नु ढोग गर्नु त्यसको अगाडि गैर मुस्लिमहरू भ्कैं मिठाइ आदि राख्नु सुगन्ध सल्काउनु सबै शिर्क हुन् र यसबाट बाँचनु अति आवश्यक छ ।

र यस्तै यस महिनामा हाम्रो देश नेपालमा विशेषरूपले र पूर्ण एशिया महाद्वीपमा सामान्यतया मुहर्रमको दिन नाना थरीका बिदअतहरू गरिन्छ जसरी यस दिनलाई तरवार चलाउनुको लागि विशिष्ट गर्नु वा दंगल र कुश्ति गर्नुको लागि विशिष्ट गर्नु ढोल बजाउनु ताशा बजाउनु सबै अवैधानिक कार्यहरूमध्येका हुन्, यसर्थ मुसलमानलाई यी समस्त कुराहरूबाट बाँच्नु अति आवश्यक छ ।

हाँ यस महिनाको ९ र १० तारिखको दिन अथवा १० र ११ तारिखको दिन वर्त बस्नु सुन्नत हो, जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम बसेका छन् र यसकतर्फ प्रोत्साहित पनि गरेका छन् जस्तो कि यस हदीसमा वर्णित छ:

" أفضل الصيام بعد رمضان شهر الله المحرم"

(مسلم:ज्ञज्ञघट)

अर्थ : रमजान पश्चात सबैभन्दा उत्कृष्ट व्रत मुहर्रमको व्रत हो । (मुस्लिम हदीस नं. ११३६)

**आशूराको अर्थ :**

عن ابن عباس – رضي الله عنهما – قال: "قدِم النبي -صلى الله عليه وسلم- المدينة فرأى اليهود تصوم يوم عاشوراء، فقال" :ما هذا؟ " قالوا: هذا يوم صالح. هذا يوم نجي الله بني إسرائيل من عدوهم فصامه موسى، قال" : فأنا أحق بموسى منكم، فصامه وأمر بصيامه"

(بخاري: द्दण्णद्ध , مسلم: ज्ञज्ञघण)

बुखारी र मुस्लिमको हदीसमा वर्णित छ इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम जब मदीना प्रस्थान गरे त हेरे कि आशूराको दिन यहूदीहरू व्रत बसेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूसित सोधे यो कस्तो दिन हो जसमा तिमीहरू व्रत बसेका छौ ? त उनीहरूले भने: यो अति सम्मानित र महत्वपूर्ण दिन हो, यसै दिन अल्लाहले हजरत मूसा र उनको समुदायलाई मुक्ति प्रदान गरेको थियो, (र फिरऔन र त्यसको समुदायलाई समुन्द्रमा डुबाएको थियो ।) अनि हजरत मूसाले अल्लाहको यसै अनुकम्पाको कृतज्ञता प्रकट गर्ने उद्देश्यले व्रत बसेका थिए, यसर्थ हामी पनि व्रत बस्दछौं । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यसो भए हामी मूसाको तिमीभन्दा अधिक अधिकारी छौं, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यस दिन व्रत बस्नु भयो र व्रत बस्ने आदेश गर्नु भयो” । (बुखारी हदीस नं. २००४, मुस्लिम हदीस नं. ११३०)

त प्रष्ट यो भयो कि आशूरा मुहर्रमको दशौं तारिखलाई भनिन्छ जस दिन अल्लाहले हजरत मूसा र उहाँका जातिलाई फिरऔनको अत्याचारबाट मुक्ति प्रदान गरेको थियो, र यस दिन स्वयम् रसूल सल्लल्लाहो अलैहे वसल्लम व्रत बसेका थिए र अरुलाई पनि यस्तो गर्नुतर्फ प्रोत्साहित गरेका थिए।

र यस आशूराको व्रत बस्नुको पुण्यको बारेमा थुप्रै हदीसहरू वर्णित छन् जसमध्ये केहीलाई म निम्नमा वर्णन गर्दछु।

عن ابن عمر- رضي الله عنهما- قال: "صام النبي - صلى الله عليه وسلم- عاشوراء وأمر بصيامه، فلما فرض رمضان ترك" (بخاري: (ज्ञडढद्द

बुखारीको हदीसमा छ इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: " नबी सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बस्नु भयो र त्यसलाई बस्ने आदेश पनि दिनु भयो, अनि जब रमजानको व्रत अनिवार्य गरियो त यसलाई त्याग्नु भयो"। ( बुखारी हदीस नं. १८९२)

त यो हदीस यस कुरामाथि प्रमाणीकरण गर्छ कि यसको अनिवार्यता त स्थगित भयो तर सुन्नत बाँकी नै छ ।

عن أبي قتادة رضي الله عنه "أن النبي صلى الله عليه وسلم سئل عن صيام عاشوراء, فقال: يكفر السنة الماضية" (مسلم: ज्ञज्ञटद्द)

सहीह मुस्लिममा हजरत कतादाको माध्यमले वर्णित छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमसित आशूराको व्रतको बारेमा प्रश्न गरियो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यसद्वारा विगतको एक वर्षको पापहरूलाई क्षमा गरिन्छ" । (मुस्लिम हदीस नं. ११६२)

عن ابن عباس – رضي الله عنهما – قال: "ما رأيت النبي صلى الله عليه وسلم يتحرى صيام يوم فضَّلة على غيره إلا هذا اليوم يوم عاشوراء، وهذا الشهر – يعني شهر رمضان" (بخاري: द्दण्ण्ट, مسلم: ज्ञज्ञघद्द)

बुखारी र मुस्लिममा इब्ने अब्बासको माध्यमले वर्णित छ कि: "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई आशूराको व्रत र यस महिना अर्थात रमजानको व्रतभन्दा अधिक श्रेष्ठता वर्णनगर्दा कुनै

अरु व्रतबारे हेरेको छैन” । (बुखारी हदीस नं. २००६, मुस्लिम हदीस नं. ११३२)

बरु रसूल सल्लल्लाहो अलैहे वसल्लम यस व्रतलाई बस्ने मान्छेहरूको लागि खाना पनि पठाउँथे जस्तो कि यस हदीसमा वर्णित छ:

عن الرُّبيّع بنت معوذ – رضي الله عنها – قالت: " أرسل النبي -صلى الله عليه وسلم- غداة عاشوراء إلى قرى الأنصار: من أصبح مفطراً فليتم بقية يومه، ومن أصبح صائماً فليصم، قالت: فكنا نصومه بعد ونصوّم صبياننا ونجعل لهم اللعبة من العهن، فإذا بكى أحدهم على الطعام أعطيناه ذاك حتى يكون عند الإفطار" (بخاري:ज्ञटढण, مسلم:ज्ञज्ञघट)

बुखारी मुस्लिममा रुबैइअ् बिन्ते मुअव्विजको माध्यमले वर्णित छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले आशूराको व्रत बसेका मदिनाका वरिपरि बसोबास गर्दै आएका मानिसहरूको लागि भोजन पठाउनु भयो, र भन्नु भयो: जसले व्रत बसेको छ त्यो आफ्नो व्रत पूर्ण गरोस्, र जसले व्रत बसेको छैन त्यो त्यस्तै अवस्थामा आफ्नो दिनलाई समाप्त गरोस्। र रुबैइअ् बिन्ते मुअव्विज भन्छिन् कि त्यस

समयदेखि हामी आफू पनि आशूराको व्रत बस्थें र आफ्ना ससाना बच्चाहरूलाई पनि व्रत बसाल्दथें, र बच्चाहरू लिएर मस्जिदतर्फ जान्थें, र उनीहरूको लागि खेल्ने खेलौनाहरू पनि लिएर जान्थें, अनि जब कुनै बालक भोकले रुन थाल्थ्यो त त्यसलाई खेलौना दिइहाल्थें यहाँसम्म कि इफ्तारीको समय आइहाल्थ्यो" ।

त यी समस्त हदीसहरूबाट यो प्रष्ट हुन्छ कि आशूराको व्रत बस्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत हो र यसलाई बस्ने विधि यो हो कि ९ र १० तारिखको व्रत बसियोस् वा १० र ११ तारिखको व्रत बसियोस् ।

तर यस दिन व्रत नबसिकन् उपरोक्तमा वर्णित अवैधानिक कार्यहरू गर्नु हराम छ यसर्थ मेरो आफ्नो मुसलमान दाजुभाइ र दिदीबहिनीहरूसित यो सादर अनुरोध छ कि आफूलाई समस्त कुकर्मबाट टाढा राखि रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत र पद्धति बमोजिम कार्यरत राखुन् किनकि यसैमा हाम्रो संसारिक र परलोकिक जीवनको आनन्द नीहित छ ।

र मेरो अल्लाहसित याचना छ कि हामीलाई र समस्त मुसलमानहरूलाई ती समस्त कार्यहरूलाई

गर्ने सौभाग्य प्रदान गरोस्, जसद्वारा त्यो परम् पूज्य प्रसन्न भइहालोस् । र यो याचना छ कि हाम्रा व्रतहरू र नमाजहरूलाई कबूल गरोस्, र हाम्रो अवस्थाहरूलाई सुधारोस्, र हामी सबैलाई बिगार र कुकर्म एवं उपद्रवबाट बचाओस्, जस्तो कि अल्लाहसित हाम्रो यो याचना पनि छ कि अल्लाह मुसलमानहरूका नायक र अगुवाहरूलाई सुमार्गमा लगाओस् र तिनीहरूका अवस्थाहरूलाई सुधारेर तिनीहरूलाई सत्यपथमा एकमत गरोस् त्यो परम् पूज्य यस कुरामा शक्ति सम्पन्न छ ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

लेखक
अतीकुर्रहमान मुहम्मद इदरीस खान
मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न.
००९६६५०१३७२२५४